# सृजामाता खण्डकाव्यमा रसविधान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग,
दर्शनाचार्य तेस्रो सत्रको नवौँ र दशौँ पत्र (सङ्केताङ्क : ६०९ र ६१०) को
प्रयोजनार्थ प्रस्तुत

## शोधप्रबन्ध

शोधार्थी

रोशनी आचार्य

शैक्षिक शत्र : २०६७/६८

क्रमाङ्क २०

नेपाली दर्शनाचार्य तह

त्रि.वि. कीर्तिपुर

२०७०

सृजामाता खण्डकाव्यमा रसविधान - रोशनी आचार्य (२०७०)

# सृजामाता खण्डकाव्यमा रसविधान

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभाग,
दर्शनाचार्य तेस्रो सत्रको नवौँ र दशौँ पत्र (सङ्केताङ्क : ६०९ र ६१०) को
प्रयोजनार्थ प्रस्तुत

## शोधप्रबन्ध

शोधार्थी

रोशनी आचार्य

शैक्षिक शत्र : २०६७/६८

क्रमाङ्क २०

नेपाली दर्शनाचार्य तह

त्रि.वि. कीर्तिपुर

२०७०

# शोध निर्देशकको सिफारिस

त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत नेपाली विषयको दर्शनाचार्य तहको तेस्रो सत्रको नवौँ र दसौँ पत्रको प्रयोजनार्थ छात्रा रोशनी आचार्यले 'सृजामाता खण्डकाव्यमा रसविधान' शीर्षकको प्रस्तुत शोधप्रबन्ध मेरो निर्देशनमा तयार पार्नुभएको हो । शोध प्रक्रियाको सीमाभित्र रही शोध्य विषयको अपेक्षाअनुरूप सामग्री संकलन, विश्लेषण र गहन अध्ययन गरी मिहिनेतपूर्वक तयार पारिएको उहाँको यस शोधप्रबन्धसँग म पूर्णतः सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति: २०७०।०५।२५

.........................................

प्रा.डा. मोतीलाल पराजुली
(शोध निर्देशक)
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग**

# स्वीकृति पत्र

त्रि.वि. मानविकी तथा सामाजिकाशास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य शिक्षण कार्यक्रमको नवौं र दशौं पत्रको प्रयोजनार्थ तयार पार्नुभएको **'सृजामाता खण्डकाव्यमा रसविधान'** शीर्षकको शोधप्रबन्ध आवश्यक मूल्याङ्कन गरी स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

(१) प्रा.डा. देवीप्रसाद गौतम ........................................
(विभागीय प्रमुख)

(२) प्रा.डा. मोतीलाल पराजुली ........................................
(शोध निर्देशक)

(३) प्रा. केशव सुवेदी ........................................
(आन्तरिक परीक्षक)

(४) प्रा. घनश्याम कँडेल ........................................
(बाह्य परीक्षक)

मितिः २०७०/०९/२५

# कृतज्ञता ज्ञापन

साहित्यका विविध क्षेत्रका स्रष्टा लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६) सृजामाता खण्डकाव्य पनि एक हो । प्रकृतिका पक्षलाई बिम्ब विधानमा ढालेर प्रस्तुत गर्ने क्रममा स्वर्ग, पृथ्वी, पातालसँग जोडिएका समग्र ग्रिसेली पुराकथात्मक तथा वर्तमान प्रकृतिका अनेक पक्षलाई मानवीकरण गरिएको प्रस्तुत खण्डकाव्यमा आधारित रही यो शोधप्रबन्ध तयार पारिएको छ । पूर्वीय साहित्यशास्त्रको महत्त्वपूर्ण काव्यतत्त्वको रूपमा रहेको रस सिद्धान्तमा आधारित रही प्रस्तुत काव्यको अध्ययन-अनुसन्धान भएका पाइँदैनन् । अतः सृजामाता खण्डकाव्यमा रसविधानको स्वरूप निरूपण गर्ने दिशातर्फ प्रस्तुत शोधप्रबन्ध परिलक्षित छ ।

सर्वप्रथम त विविध समस्याहरूको बावजुद पनि यस शोधकार्य गर्ने क्रममा शीर्षक चयनदेखि लिएर सम्पूर्ण शोधपत्र तयार पार्ने क्रममा ठूलो सहयोग गरिदिनुहुने शोध निर्देशक समादरणीय गुरु प्रा.डा. मोतिलाल पराजुलीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । आफ्ना विविध व्यस्तताहरूलाई पछाडि थन्क्याएर मेरो यस शोधकार्यलाई कार्यरूप दिने कार्यमा लागि परी दिनरात नभनी सहयोग गर्नुभएकोमा उहाँप्रति म सधैँ ऋणी रहनेछु । त्यसैगरी यो शोधकार्य तयार गर्ने क्रममा विविध ढङ्गले सहयोग पुऱ्याउनु हुने आदरणीय गुरुहरू प्रा.डा. देवीप्रसाद गौतम, प्रा. केशव सुवेदी, प्रा.डा. दयाराम श्रेष्ठ एवम् नेपाली केन्द्रीय विभागका गुरुहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु । यसका साथै आफ्ना कार्यलाई एक कदम भए पनि थाती राखेर मेरो यस शोधपत्रको टङ्कन गरिदिनुहुने दुर्क कम्प्युटरका दुर्कमान महर्जनज्यूलाई पनि धेरै-धेरै धन्यवाद दिन चाहन्छु ।

रोशनी आचार्य
दर्शनाचार्य तेस्रो शत्र
शैक्षिक शत्रः २०६७/६८
क्रमाङ्कः २०
नेपाली केन्द्रीय विभाग
त्रि.वि. कीर्तिपुर

# शोधसार

**शोध शीर्षक :** सृजामाता खण्डकाव्यमा रसविधान

**शोध समस्या :**

यस शोधमा दुईवटा समस्यालाई अध्ययनको प्रमुख आधार मानिएको छ, जुन निम्नानुसार छन् :-

(क) सृजामाता खण्डकाव्यमा अङ्गी रसको प्रयोग के कसरी भएको छ ?

(ख) सृजामाता खण्डकाव्यमा के-कस्ता अङ्ग रसहरूको प्रयोग भएको पाइन्छ ?

**उद्देश्य**

(क) सृजामाता खण्डकाव्यमा प्रयुक्त अङ्गी रसको निरूपण गर्नु,

(ख) सृजामाता खण्डकाव्यमा प्रयुक्त अङ्ग रसहरूको निरूपण गर्नु,

**सामग्री सङ्कलन विधि**

यो शोध पूर्णतः साहित्यिक र गुणात्मक भएको हुनाले यसका लागि आवश्यक पर्ने आधारभूत तथा सहायक सामग्री संकलनको मुख्य स्रोत पुस्तकालयलाई बनाइएको छ । देवकोटाद्वारा लिखित 'सृजामाता' खण्डकाव्यलाई आधारभूत सामग्री बनाइएको छ भने यसको अध्ययन विश्लेषणको लागि भरतमुनिको साहित्यदर्पण, विश्वनाथको साहित्यदर्पण जस्ता रस सिद्धान्त सम्बन्धी व्याख्या विश्लेषण गरिएका ग्रन्थहरूको आधार लिइएको छ । यसका साथै द्वितीयक स्रोत अन्तर्गत पूर्वकार्यमा संकलित सृजामाताको व्याख्या-विश्लेषण गरिएका कृतिहरूको पनि आधार लिइएको छ ।

**विश्लेषणको ढाँचा**

संस्कृत साहित्यको महत्वपूर्ण सिद्धान्तको रुपमा रहेको रस सिद्धान्तलाई आधार मानी 'सृजामाताको' व्याख्या विश्लेषण गरिएको छ । यसका लागि 'नाट्यशास्त्रमा' उल्लेखित रससूत्रको आधार लिइएको छ । यस अन्तर्गत विभाव, अनुभाव, व्यभिचारी भाव र स्थायी भावका आधारमा रसहरूको निरुपण गरिएको छ ।

**यस शोधका प्राप्तिहरू**

देवकोटाका खण्डकाव्यहरू मध्ये 'सृजमाता' पनि एक महत्वपूर्ण खण्डकाव्य हो । यो ग्रिसेली पुराकथामा आधारित देवकोटाको प्रवाशकालीन समयको रचना हो । यसमा मुख्य पात्रका रुपमा सृजामाता, प्रोजरपिना र यम रहेका छन् ।

प्रस्तुत काव्यलाई रसवादी दृष्टिकोणले अध्ययन विश्लेषण गर्दा विभिन्न रसहरूको संयोजन भएको देखिएको छ । नागको रथ हावाको वेगमा उड्नुमा आश्चर्य स्थायी भाव हुने अद्‌भूत, प्रोजरपिना र यमको प्रसङ्गमा रति स्थायी भाव हुने शृङ्गार, छोरीको अपहरणमा सृजामातामा भएको पीडाको अवस्थामा शोक स्थायी भाव हुने करुण रस उत्पत्ति भएको छ । त्यसैगरी मर्करीको चरित्राङ्कनमा हास्य, हेकेटीको आध्यात्मिक चिन्तनतर्फको झुकावमा शान्त एवम् यमप्रति सृजमाताले देखाएको उग्रंतामा रौद्र रस उत्पत्ति हुन पुगेको छ । अतः प्रस्तुत काव्यमा नवरसहरूमध्येका करुण, अद्‌भुत, शृङ्गार, शान्त, रौद्र जस्ता रसहरूको उत्पत्ति भएको देखिन्छ र यस काव्यमा यिनै रसहरू अङ्ग रसका रुपमा रहेका छन् ।

प्रस्तुत काव्यमा नाट्यशास्त्रमा उल्लेख नभएको तर भानुदत्त, विश्वनाथ, रुपगोस्वामीजस्ता आचार्यहरूले छुट्टै रसको रुपमा मानेका वात्सल्य रसको चर्चा गरिएको छ । भरतमुनिभन्दा पछिल्ला यी आचार्यहरूले यो रसलाई छुट्टै रसको रुपमा मानेका छन् । काव्यमा सर्वव्याप्ति हुने एवम् मुख्य पात्रको जीवनसँग सम्बन्धित घटनाको वर्णनबाट उत्पन्न रस अङ्गी रस हुन्छ । प्रस्तुत काव्यमा पनि वात्लस्य रस अङ्गी रसको रुपमा रहेको छ । काव्यको सुरुमा नै धानबाली हेर्न जाने क्रममा सृजमाताले मिठो चुम्बनका साथ कतै नजानू भनी छोरीलाई सम्झाई, बुझाई गएको प्रसङ्गदेखि अपहरित प्रोजरपिनालाई पृथ्वीमा ल्याएको सन्दर्भ प्रस्तुत गर्ने क्रममा प्रसङ्गवस विभिन्न रसहरू आए पनि कारक तत्वका रुपमा वत्सल भाव नै रहेको देखिन्छ । यस काव्यको सुरुमा पनि वात्सल्य प्रेम (सृजामाता र प्रोजरपिना) देखिएको छ भने अन्त्यमा छोरीलाई जसरी भए पनि पृथ्वीमा फिर्ता ल्याउन सफल रहेकोले वात्सल्य भाव सर्वव्याप्ती रहेको देखिन्छ । मुख्य पात्र सृजामाता कै जीवनमा आधारित रही उनकै छोरीप्रतिको अगाध मायाका कारण वात्सल्य रस उत्पत्ति भएको छ । यसका लागि सहायक रुपमा आएका अन्य रसहरूले वात्सल्य भावलाई झनै उत्कर्षमा पुऱ्याउन सफल देखिन्छ ।

यसरी प्रस्तुत काव्यमा माथि उल्लेखित विभिन्न रसहरूको समिश्रण भई सिङ्गो काव्य बनेको देखिन्छ । देवकोटाले ग्रिसेली पुरा कथालाई आधार मानी रचित यस काव्इमा सहज र स्वतः रुपमा रसहरूको उत्पत्ति भई काव्य रसिलो एवम् मिठास बन्न पुगेको देखिन्छ ।

शोधार्थी

रोशनी आचार्य

शैक्षिक शत्र - २०६७/६८

क्रमाङ्क - २०

# विषय सूची

**पहिलो परिच्छेदः शोधपरिचय** **१-८**

१.१ विषय परिचय १

१.२. शोध समस्या १

१.३ शोधको उद्देश्य २

१.४ पूर्वकार्यको समीक्षा २

१.५ शोधको महत्त्व तथा औचित्य ५

१.६ शोधविधि ६

१.६.१ सामग्री सङ्कलन विधि ६

१.६.२ विश्लेषणको ढाँचा ६

१.६.२.१ विभाव ६

१.६.२.२ अनुभाव ६

१.६.२.३ व्यभिचारी/सञ्चारी भाव ७

१.६.२.४ स्थायी भाव ७

१.६.२.५ साधारणीकरण ७

१.७ सीमाङ्कन ८

१.८ शोधपत्रको रूपरेखा ८

**दोस्रो परिच्छेदः रस सिद्धान्तको सैद्धान्तिक परिचय** **९-३२**

२.१ रसको संक्षिप्त परिचय ९

२.२ रसको परिभाषा १०

२.३ रसका विधायक तत्त्व ११

२.३.१ विभाव ११

२.३.२ अनुभाव १२

२.३.२.१ कायिक अनुभाव १३

२.३.२.२ सात्त्विक अनुभाव १३

२.३.२.३ आहार्य अनुभाव १४

२.३.२.४ मानसिक अनुभाव १४

२.३.३ व्यभिचारी/सञ्चारी भाव १४

२.३.४ स्थायी भाव १८

२.३.४.१ रति १८
२.३.४.२ शोक भाव १९
२.३.४.३ हास्य रस १९
२.३.४.४ क्रोधभाव १९
२.३.४.५ उत्साह भाव १९
२.३.४.६ घृणा / जुगुप्सा १९
२.३.४.७ भय भाव १९
२.३.४.८ विस्मय भाव २०
२.३.४.९ शम भाव २०
२.४ रसका प्रकार २०
२.४.१ शृङ्गार रस २२
२.४.२ करुण रस २४
२.४.३ हास्य पात्र २४
२.४.४ वीररस २५
२.४.५ भयानक रस २६
२.४.६ बीभत्स रस २६
२.४.७ अद्‍भुतरस २७
२.४.८ रौद्ररस २७
२.४.९ शान्त रस २८
२.४.१० वात्सल्य रस २९
२.४.११ भक्तिरस ३०
२.५ साधारणीकरण ३०
२.६ निष्कर्ष ३२

**तेस्रो परिच्छेदः सृजामाताामा प्रयुक्त अङ्गी रस** **३३-५२**
३.१ सृजामाता खण्डकाव्यको परिचय ३३
३.१.१ कथावस्तु ३३
३.१.२ सर्ग योजना तथा लयविधान ३५
३.१.३ पात्रविधान ३५
३.१.४ परिवेशविधान ३६
३.१.५ विम्बालङ्कारविधान ३६
३.१.६ भाषाशैली ३६
३.२ अङ्गी रस ३६

३.२.१ विभाव ३७

३.२.१.१ आलम्बन विभाव ३७

३.२.१.२ उद्दीपन विभाव ३८

३.२.२ अनुभाव ३९

३.२.३ व्यभिचारी भाव/सञ्चारी भाव ४१

३.२.३.१ निर्वेद ४१

३.२.३.२ आवेग (बेचैनी, चिन्ता, उत्तेजना) ४२

३.२.३.३ दैत्य (दुर्दशा, दयनीय अवस्था) ४३

३.२.३.४ उग्रता (दृढता, क्रूरता) ४४

३.२.३.५ उन्माद (पागलपन) ४४

३.२.३.६ विषाद (खिन्नता) ४५

३.२.३.७ चिन्ता ४५

३.२.३.८ उग्रता ४६

३.२.३.९ चपलता ४७

३.२.३.१० स्मृति (पूर्वज्ञान) ४७

३.२.३.११ शङ्का ४८

३.२.४ स्थायी भाव ४९

३.२.५ साधारणीकरण ५१

३.३ निष्कर्ष ५२

**चौथो परिच्छेदः सृजामातामा प्रयुक्त अङ्ग रसहरू ५३-७४**

४.१ अद्भुत रस ५३

४.१.१ विभाव ५३

४.१.२ अनुभाव ५५

४.१.३ व्यभिचारी भाव ५५

४.१.४ स्थायी भाव ५५

४.२. शृङ्गार रस ५५

४.३.१ विभाव ५६

४.३.२ अनुभाव ५६

४.३.३ व्यभिचारी/सञ्चारी भाव ५८

४.३.३.१ हर्ष ५८

४.३.३.२ धृति (स्फूर्ति) ५८

४.३.३ लज्जा/व्रीडा ५९

४.३.४ स्थायी भाव ५९

४.३ करुण रस ६०
४.३.१ विभाव ६०
४.३.२ अनुभाव ६२
४.३.३ व्यभिचारी भाव ६३
४.३.४ स्थायी भाव एवम् साधारणीकरण ६४
४.४ रौद्र रस ६५
४.४.१ विभाव ६५
४.४.२ अनुभाव ६५
४.४.३ व्यभिचारी भाव/सञ्चारी भाव ६७
४.४.३.१ उग्रता (दृढता, क्रूरता) ६७
४.४.३.२ शङ्का ६७
४.४.३.३ अमर्ष ६७
४.४.३.४ स्थायी भाव एवम् साधारणीकरण ६७
४.५ शान्त रस ६८
४.५.१ विभाव ६८
४.५.२ अनुभाव ६८
४.५.३ व्यभिचारी भाव ६९
४.५.४ स्थायी भाव र साधारणीकरण ७०
४.६ हास्य रस ७०
४.६.१ विभाव ७०
४.६.२ अनुभाव ७१
४.६.३ व्यभिचारी भाव ७१
४.६.४ स्थायी भाव र साधारणीकरण ७१
४.७ सृजामातामा रसविधान ७१
४.७ निष्कर्ष ७२
**पाँचौं परिच्छेदः उपसंहार** **७५-७९**
५.१ सारांश ७५
५.२ निष्कर्ष ७८
**सन्दर्भ सामग्री सूची** **८०**